नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

Government of Nepal Office of the Prime Minister and Council of Ministers Singhdurbar, Kathmandu

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :

मिति : २०७५/०४/२९

## प्रेस विज्ञप्ति

सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीज्यूले FNCCI/SAARC CCI –Nepal Chapter को प्रतिनिधिमण्डलसँग **नेपालको** उद्योग र **व्यापार** क्षेत्रलाई अगाडि बढाउने सम्बन्धमा २०७५।०४।२९ गते छलफल गर्नु भयो ।

उक्त **कार्यक्रममा** SAARC CCI का उपाध्यक्ष श्री चण्डी राज ढकालज्यूले नेपालको उद्योग तथा व्यापार क्षेत्रका विद्यमान अवसर, चुनौती, समस्या र समस्या समाधानका उपायहरूको चर्चा गर्दै उपलब्ध क्रियाशिल युवा जनशक्तिको सही परिचालन, क्षेत्रीय कनेक्टिभिटी मार्फत वैदेशिक लगानीलाई आकर्षित गर्न कानुनी सरलतासँगै लगानी मैत्री वातावरण बनाउनुपर्नेमा जोड दिनु भयो । **यसैगरी सार्कलाई** महत्व दिई क्षेत्रीय खेलकुद, पर्यटन, युवा रोजगार, सेवा क्षेत्र लगायतका क्षेत्रको प्रवर्द्धन गर्नुपर्ने धारणा राख्नुभयो ।

यस क्रममा सम्माननीय प्रधानमन्त्रीज्यूले सार्कको बैठक राख्ने प्रयास भइरहेको जनाउँदै यस क्षेत्रमा देखिएका धारणा, प्राथमिकता, चुनौती, समस्या र समस्याको समाधानका सम्बन्धमा छलफल गर्ने थलो भएकोले यसका गतिविधिहरू लाई पुनः क्रियाशिल बनाउनु पर्ने विचार व्यक्त गर्नुभयो ।

सम्माननीय प्रधानमन्त्रीज्यूले सार्क मुलुकहरू प्रचुर स्रोत साधनको उपलब्धता, सभ्यता, गौरवपूर्ण इतिहास र पृष्ठभूमिका साथै क्रियाशिल जनशक्तिले सम्पन्न भएकोले यसलाई वास्तविक रूपमा सार्क भावना युक्त बनाउन अलि फराकिलो र फरक ढंगले अगाडि बढाउनु पर्ने आवश्यकता औंल्याउनु भयो ।यस क्षेत्रका आठ सदस्य राष्ट्र बीचको कनेक्टिभिटी एक अर्काको प्राकृतिक, वातावरणीय, सामाजिक, आर्थिक तथा हरेक पक्षबाट महत्व राख्ने विचार राख्नु हुँदै नेपालमा उत्पादन वृद्धि हुने, रोजगारी सृजना

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७ पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :

च.नं. :

मिति : ..............................

गर्ने, आत्मनिर्भरता अभिवृद्धि हुने क्षेत्र र निर्यात मूलक क्षेत्रमा आफ्ना क्रियाकलापहरू अगाडि बढाउन प्रतिनिधिमण्डलका सदस्यहरूलाई आग्रह गर्नुभयो । युवा जनशक्तिको आत्मविश्वास विकास र हौसला प्रदान गरी आशा र दूरदृष्टिसहित परिचालन गर्न तथा चेम्बर अफ कमर्सका सदस्यहरूले आफ्नो संगठनलाई जीवन्त र प्रभावकारी बनाउदै नयाँ योजना, नयाँ सोच, र नयाँ प्रविधिलाई आत्मसाथ गरी समृद्ध नेपाल सुखी नेपालीको अवधारणा मार्फत समग्र देश विकासमा लाग्न आग्रह गर्नुभयो ।

सम्माननीय प्रधानमन्त्रीज्यूले नेपाल सरकार उद्योग र व्यापार क्षेत्रका कानुनी लगायतका व्यवहारिक व्यवधानहरू हटाउनका लागि प्रतिबद्ध रहेको बताउनु हुँदै अब देश विकास आँकडामा मात्र नभई नागरिकको जीवनस्तर माथि उठाई सभ्य, सुरक्षित र समृद्ध समाज निर्माणमा सबैले पहल गर्नु पर्नेमा जोड दिनुभयो ।

बिनोद बहादुर कुँवर
प्रवक्ता

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७ पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np